म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ७२ २०८० माघ १६ गते मंगलबार 30 January 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

सामाजिक सञ्जालको प्रयोग गर्दा
सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमतीको ११ औं गाउँसभा सम्पन्न

# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम घोषणाको तयारी




समाज संवाददाता

बागमतीः बागमती गाउँपालिकाको ११ औं गाउँसभा सम्पन्न भएको छ । सोमबार पालिकाका अध्यक्ष सर्केश घलानको सभाध्यक्षतामा गाउँसभा सम्पन्न भएको हो । गाउँसभाले विभिन्न ९ वटा निर्णय गरेको छ । गाउँसभामा प्रस्तुत गरिएको अर्धवार्षिक प्रगति विवरण अनुमोदन गरेको छ । यस्तै विनियोजन ऐन २०८० को संशोधन, आर्थिक ऐन, स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कनको नतिजा, विषयगत समितिहरुको प्रतिवेदन, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० को मस्यौदा, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा बनेको विधेयक स्वीकृत भएको छ ।

पालिकाले नगर प्रहरीको संख्या थप गर्ने निर्णय गरेको छ । हाल ५ जना रहेकोमा थप ४ जना नगर प्रहरी थप गरी ९ जना पुऱ्याउन लागेको हो । कर संकलन, खुला चरिचरण नियन्त्रण, खोलामा करेन्ट लगाएर माछा मार्नेलाई नियन्त्रण, छाडा पशु व्यवस्थापन र बजार व्यवस्थापन गर्न नगर प्रहरी थप गर्न लागेको जनाएको छ ।

गाउँसभामा पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले गाउँपालिकाको चालु आर्थिक वर्षको अर्धवार्षिक प्रगति प्रस्तुत गर्नुभयो । उहाँले पालिकामा चालु आर्थिक वर्षका लागि ६८ करोड ३० लाख १० हजार रुपैयाँ बजेट विनियोजन भएकोमा हालसम्म १८ करोड ४२ लाख २८ हजार रुपैयाँ खर्च भएको जानकारी गराउनुभयो । आर्थिक विकासतर्फ विनियोजित बजेटको ६.८ प्रतिशत, कृषितर्फ १३.११ प्रतिशत, सामाजिक विकासतर्फ २९.४५ प्रतिशत, शिक्षातर्फ ३७.५५ प्रतिशत र स्वास्थ्यतर्फ २४.९७ प्रतिशत खर्च भएको उहाँले बताउनुभयो ।

पालिकाले चालु आर्थिक वर्षमा राजस्व संकलनमा लिएको लक्ष्यअनुसार १९ प्रतिशतमात्र प्रगति भएको उहाँले बताउनुभयो । गाउँसभाले विभिन्न शीर्षक र कार्यक्रमको १ करोड ४० लाख रुपैयाँ बजेट संशोधन गरेको उहाँले बताउनुभयो ।

सभामा सुशासन तथा संस्थागत विकास समितिको तर्फबाट संयोजक यहुन्ना राईले समीक्षा प्रतिवेदन प्रस्तुत गनुभयो । उहाँले कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुबाट नियमितरुपमा सेवा प्रवाह भइरहेको, कृषि, पशुपंक्षी विकास तथा स्वास्थ्य शाखाबाट घुम्ती सेवा, निःशुल्क र सशुल्क सेवा प्रदान गरेको बताउनुभयो । यस्तै, सार्वजनिक सुनुवाई तथा गुनासो व्यवस्थापन गर्ने गरेको र सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापनसम्बन्धी खरिद इकाई गठन भएको बताउनुभयो । उहाँले वडा कार्यालय र कार्यपालिकाको रिक्त दरबन्दी स्थायी पदपूर्ती नभएको पनि बताउनुभयो ।

सामाजिक विकास समितिका संयोजक कमानसिंह पाख्रिनले समितिको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै शिक्षक अभावलाई पूर्ति गर्न पालिकाले आफ्नै स्रोतबाट दुई जना ईसीडी, १४ जना प्राथमिक, ९ जना निम्न माध्यमिक र ६ जना माध्यमिक शिक्षकको दरबन्दी निर्धारण गरेर नियुक्त गरेको बताउनुभयो । पालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम घोषणा र बागमती-४ स्थित बुद्ध आधारभूत विद्यालयलाई पालिकाको नमुना विद्यालय बनाउने तयारी भएको बताउनुभयो ।

गाउँसभामा आर्थिक विकास समितिका संयोजक उत्तरबहादुर भोलनले प्रगति विवरण प्रस्तुत गर्नुभयो । उहाँले ५० प्रतिशत अनुदानमा पशु बिमा कार्यक्रमका लागि बिमा कम्पनीसँग सम्झौता गरेको, पुँजी कार्यविधि, पशु औषधी खरिद र दुग्ध चिस्यान केन्द्र स्थापना गरी सञ्चालन गरेको बताउनुभयो ।

# विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ । चितवन, धादिङ र नुवाकोट जिल्लामा एकै दिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । चितवन जिल्लाको राप्ती नगरपालिका-१०, थामटारमा झलुङ्गे पुलबाट खोलामा खस्दा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ४२ वर्षीया सीता माया तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार साँझ ५ बजेको समयमा झलुङ्गे पुलबाट पम्फाखोलामा तामाङ खस्दा घाईते भएकी थिईन । घाइते तामाङलाई उपचारका लागि पुरानो मेडिकल कलेज लगिएकोमा उपचारको क्रममा ६ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-६, जरेखेतमा मोटरसाइकल अनियन्त्रित भई कल्भर्टबाट खस्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रोल्पा जिल्लाको सिमिल स्मृति गाउँपालिका-१, घोडागढीका १९ वर्षीय विशाल केसी रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार बिहान ५ बजेर १० मिनेटको समयमा काठमाडौंबाट चितवनतर्फ जाँदै गरेको प्र ३-०३-००१ प २६३९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकको कल्भर्टबाट ८ मिटर तल खसेर दुर्घटना हुँदा विशाल गम्भीर घाईते भएका थिए । विशाललाई उपचारका लागि गजुरी अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो ।

नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका-५, मुलामा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ३८ वर्षीय सुमन खड्का रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । खड्का शनिबार राती घर नआएकाले आफन्तहरुले खोजतलास गर्दै जाँदा आइतबार घरदेखि एक सय मिटर पर पहिरो बाटोबाट ७० मिटर तल मृत अवस्थामा फेला परेका थिए ।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-८, चिसापानीमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५५ वर्षीय देवी बहादुर कार्की रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबारदेखिख हराएका कार्कीलाई आफन्तले खोजतलास गर्दै जाँदा आइतबार बिहान १० बजेको समयमा घरदेखि १ सय ५० मिटर पर चिसापानी भिरको खोँचमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# गुडिरहेको सुमोमा ढुङ्गाले लाग्दा महिला घाइते

समाज संवाददाता

हेटौंडाः गुडिरहेको सुमोमा माथिबाट ढुङ्गा खसेर लाग्दा एक महिला घाइते भएकी छिन् । घाइते हुनेमा सर्लाहीको बरहथवा नागरपालिका-२ बस्ने ३६ वर्षीया सीता पौडेल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सोमबार दिउँसो साढे १२ बजेको समयमा भीमफेद-८, बगुवास्थित कान्तिलोकपथ सडकखण्डमा काठमाडौंबाट सर्लाही जान आउँदै गरेको ना १ ज ५९४३ नम्बरको टाटा सुमोमा माथिबाट ढुङ्गा खसेर लागेको हो ।

ढुङ्गा खसेर लाग्दा सुमोको झ्यालको सीसा फुटी सुमोमा सवार पौडेलको टाउकोमा चोट लागि गम्भीर घाइते भएकी थिइन् । घाइते पौडेललाई स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचारपश्चात् थप उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको थियो ।

पौडेलको अवस्था अहिले सामान्य रहेको प्रहरीले जनाएको छ । सुमोमा चालकसहित १० जना सवार रहेका थिए ।

## टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः कान्तिलोकपथ सडकखण्ड अन्तर्गत हेटौंडा उपमहानगरपालिका-१७, गौरीगाउँमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरगढी-२, खोलाखेतका २५ वर्षीय हरी पनेरु रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

सोमबार साँझ ५ बजेर ५० मिनेटको समयमा चौघडाबाट मकवानपुर गढीतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ख ७९०३ नम्बरको टिपरले विपरित दिशाबाट आउँदै गरेको ना २६ प ४४२५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । टिपरको ठक्करबाट मोटरसाइकल चालक पनेरुको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा पनेरुकी श्रीमती २२ वर्षीया अर्चना ढकाल सामान्य घाइते भई स्थानीय स्वास्थ्य चौकीमा उपचार पश्चात हेटौंडा अस्पतालमा थप उपचार भइरहेको छ । टिपर चालक हेटौंडा-१९, नेवारपानीका ३३ वर्षीय राधाकृष्ण रेग्मी प्रहरीको नियन्त्रणमा रहेको छ ।

## ग्यास गिजर प्रयोग गरी नुहाउँदा युनेशको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९, लामसुरेमा ग्यास गिजर प्रयोग गरी नुहाउने क्रममा २१ वर्षीय युनेश काफ्लेको मृत्यु भएको छ । सोमबार दिउँसो १२ बजेको समयमा घरकै बाथरुममा ग्यास गिजर प्रयोग गरी तातो पानीले नुहाउने क्रममा लामो समय बाथरुमबाट युनेश ननिस्किएपछि परिवारका सदस्यले बाथरुमको ढोका फोडेका थिए ।

वडा अध्यक्ष सुकराम केसीका अनुसार अचेत अवस्थामा बाथरुममा भेटिएका युनेशलाई हेटौंडा-१ स्थित मकवानपुर सामुदायिक अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरे ।

## सिन्धुपाल्चोकमा एक कैदीको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लामा एकजना कैदीको मृत्यु भएको छ । मृत्यु हुनेमा मेलम्ची नगरपालिका-१०, बकुवाटोल घर भई हाल कर्तव्यज्यान मुद्दामा जिल्ला कारागार चौतारामा रहेका ५३ वर्षीय कृष्ण नेपाली रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार दिउँसो १ बजेको समयमा नेपाली बसिरहेको अवस्थामा अचानक बहोस भएका थिए । बेहोस भएका नेपालीलाई उपचारका लागि जिल्ला अस्पताल चौतारा लगिएकोमा उपचारको क्रममा साँझ ५ बजेर १६ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । नेपाली २०७५ सालदेखि कैद सजाय भुक्तान गर्दै आएका थिए ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

### हेटौंडा उपमहानगर

# कार्यतालिकाअनुसार कार्यपालिका बैठक बस्दै



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठक पहिलो पटक कार्यतालिकाअनुसार बस्न लागेको छ । माघ १६ गते मंगलबार दिनको २ बजेका लागि कार्यपालिका बैठक बोलाइएको छ । हेटौंडा उपमहानगरपालिकाले हरेक महिनाको २ र १६ गते कार्यपालिका बैठक बस्ने कार्यतालिका बनाएको छ ।

चालु आर्थिक वर्षमा कार्यतालिकाअनुसार बैठक बस्न सकेको थिएन । कार्यतालिकाअनुसार बैठक नबस्नु भनेको प्रणाली निर्माण गर्न नसक्नु हो भनी निरन्तर आलोचना भएपछि पहिलो पटक कार्यतालिकाअनुसार बैठक बस्न लागेको हो । मंगलबार बस्ने बैठकमा विभिन ८ वटा बुँदामा प्रस्ताव तय गरिएको छ । बैठकमा अघिल्लो बैठकको समीक्षा, तहवृद्धि, एमबीबीएस अध्ययन सहयोग, जग्गा उपलब्ध गराउने विषय प्रस्तावको रुपमा कार्यपालिका सदस्यहरुलाई जानकारी गराइएको छ । यस्तै नामसारी, शित भण्डारको स्थान, वन विज्ञान अध्ययन संस्थानसँग जग्गा लिजमा लिने र सामाजिक समावेशीकरण नीति तर्जुमाको सैद्धान्तिमक सहमतिसम्बन्धी बुँदा पनि मंगलबारको बैठकका प्रस्ताव छन् ।

उपमहानगरपालिकाले यसअघि कार्यपालिका बैठकका निर्णयहरु पनि सार्वजनिक गर्न सुरु गरेको छ । पुस ६ गते र २० गते बसेको कार्यपालिका बैठकको निर्णय उपमहानगरले सार्वजनिक गरेको छ । त्यसअघि कार्यपालिका बैठकका निर्णय समेत सार्वजनिक गर्ने गरिएको थिएन ।

जग्गा भाडामा चाहियो ?



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कठ्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः ९८४९४५४६८३

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# परीक्षा तयारीका लागि परीक्षा

अबको करिब ३ महिना विद्यालय तहको विभिन्न कक्षाको वार्षिक परीक्षाको चहलपहलमा बित्नेछ । हाल कक्षा १२ सम्म माध्यमिक शिक्षा भन्ने गरिएको छ । यसअन्तर्गत् कक्षा ८ को अन्त्यमा आधारभूत तह उत्तीर्ण परीक्षा (बीएलई), कक्षा १० को अन्त्यमा माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा १२ को अन्त्यमा एसएलसी परीक्षाको व्यवस्था गरिएको छ । कक्षा ८ को बीएलई स्थानीय तहले, कक्षा १० को एसईई र कक्षा १२ को अन्तिममा हुने एसएलसी परीक्षा संघीय सरकारअन्तर्गत्को राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने गरेको छ । कक्षा १० को एसईई सुरु हुन अब दुई महिना  बाँकी छ । एसईई अघि नै कक्षा ९ सम्मका परीक्षा हुनसक्ने सम्भावना देखिएको छ । कक्षा १२ को एसएलसी परीक्षा भने वैशाख दोस्रो सातातिर सञ्चालन हुनेछ । विद्यालय तहको दोस्रो त्रैमासिक परीक्षाको नतिजा सार्वजनिक गर्दै विद्यालयहरुले अन्तिम परीक्षाको लागि पठनपाठन तिब्र पारेका छन् । एसईई परीक्षामा सहभागी हुने विद्यार्थी तथा अन्य कक्षाका विद्यार्थीका लागि विद्यालयहरुले अतिरिक्त कक्षा, साप्ताहिक परीक्षालगायतका थप तयारी गरिरहेका छन् ।

मकवानपुर जिल्लाका निजी विद्यालयहरुमा एसईई अभ्यास परीक्षा आइतबारबाट सुरु भएको छ । जिल्लाका ३८ वटा निजी विद्यालयका एक हजार दुइ सय ४२ विद्यार्थी परीक्षामा सहभागी छन् ।  निजी तथा आवासीय विद्यालय अर्गानाइजेसन नेपाल (प्याब्सन) ले मकवानपुरसहित देशभर एकसाथ अभ्यास परीक्षा सञ्चालन गरेको हो । फरक विद्यालयमा परीक्षा केन्द्र तोकेर अभ्यास परीक्षा सञ्चालन गरिएको छ । हेटौंडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगरपालिकामा दुई वटा र मनहरी गाउँपालिकामा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । नगरस्तरीय शैक्षिक समन्वय समितिले पनि हेटौंडा उपमहानगर भित्रका सामुदायिक विद्यालयमा माघ २५ गतदेखि एसईई पूर्वतयारी परीक्षा सञ्चालन गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । परीक्षाले विद्यार्थीको अवस्था मूल्यांकन गर्न सजिलो हुने र विद्यार्थीमा परीक्षाको डर पनि कम हुने भएकाले विद्यालयहरुले परीक्षाको तयारीका लागि परीक्षालाई नै उपाय अपनाउने गरेका छन् ।

कक्षा १२ सम्मका सबै कक्षाका वार्षिक परीक्षा नजिकिएसँगै अधिकांश विद्यार्थी, शिक्षक, विद्यालय, अभिभावक परीक्षाको तयारीमा जुटेका छन् । अहिले विशेषगरी एसईई परीक्षा र त्यसको नतिजालाई सबैले उच्च महत्व दिने गरेका छन् । हुन त कक्षा १० को एसईई कक्षा ११ मा भर्ना हुने एउटा आधारमात्र हो । कक्षा १२ सम्म विद्यालय शिक्षा भएकाले कक्षा १२ को परीक्षालाई बढी महत्व दिनुपर्ने भए पनि अधिकांश माध्यमिक विद्यालयमा कक्षा १० सम्ममात्र पठनपाठन हुने भएकाले अझै पनि एसईई परीक्षा र यसको नतिजालाई विद्यालयको शैक्षिक गुणस्तर मापनको मुख्य आधार बनाउने गरिएको हो । पछिल्लो समय एसईई परीक्षालाई प्रदेश वा जिल्लास्तरमा सञ्चालन गर्नुपर्ने विषयमा बहस र चर्चा हुने गरेको भए पनि यसको टुंगो लागिसकेको छैन । यसकारण एसईई परीक्षा राष्ट्रियस्तरमै सञ्चालन भइरहेका कारण यसले महत्व पाउँदै आएको मान्न सकिन्छ ।

कतिपय विद्यार्थी परीक्षादेखि डराउने गरेका छन् । परीक्षालाई अधिकांश विद्यार्थीले बोझको रुपमा लिने गरेको पाइन्छ । आफूले वर्ष दिनभरि पढेका विषयवस्तुको ज्ञान, सीप र धारणा मापन गर्न परीक्षा लिइन्छ । विद्यार्थीले पढेका, सिकेका र जानेका विषयवस्तुलाई सोधिएका प्रश्नको आधारमा उत्तर पुस्तिकामा लेख्ने र त्यसको आधारमा विद्यार्थीको सिकाई स्तर मूल्यांकन गर्ने काम परीक्षाबाट हुन्छ । यसकारण परीक्षा भनेको विद्यार्थी जीवनको एउटा सामान्य प्रक्रिया हो । विद्यार्थीको जीवनमा यस्ता परीक्षा अनगिन्ती हुन्छन् । यसकारण विद्यार्थीले परीक्षालाई एउटा स्वभाविक र नियमित प्रक्रिया सम्झेर सामान्यरुपमा लिनुपर्छ । परीक्षामा आत्तिने गर्नु हुँदैन । परीक्षालाई लिएर अनावश्यक डर, त्रास लिनु हुँदैन । परीक्षालाई सामान्य ठान्दै आफूले पढेका विषयवस्तुको सृजनात्मक तरिकाले उत्तर दिनुपर्छ । यसका लागि विद्यार्थीले विभिन्न परीक्षामा सहभागी हुनुपर्छ र भइरहेका पनि छन् । अन्तिम परीक्षाको तयारीका लागि परीक्षा लिइँदा विद्यार्थीमा सकारात्मक प्रभाव पर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल १००
ट्राफिक प्रहरी १०३
वडा प्रहरी  ५२०२९९
पशुपतिनगर इलाका ५२०५९८
मनहरी इलाका ९८५५०९०१६१
भीमफेदी इलाका ६९१४६२
पालुङ इलाका ६२०४६७
फापरबारी इलाका ६२१९८०
चित्लाङ इलाका ६२१०००
वारुण यन्त्र १०१
बालबालिका खोजतलास केन्द्र १०४
बाल हेल्पलाइन १०९८
हेलो सरकार ११११
नेपाल टेलिकम सोधपुछ १९७

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मानसिक संवेग र दुर्वलता बढ्ने योग छ ।
**वृष** : मित्रवर्गको सहयोग प्राप्त हुने समय योग छ ।
**मिथुन** : व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ ।
**कर्कट** : आपसी संवाद र कुराकानीमा समय व्यतित होला ।
**सिंह** : खर्चमा वृद्धि भएपनि लाभ पनि  हुने समय छ ।
**कन्या** : कामधन्धाबाट सन्तुष्टि प्राप्त हुने समय छ ।
**तुला** : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ ।
**वृश्चिक** : सम्मान र प्रतिष्ठामा वृद्धि हुने योग देखिन्छ ।
**धनु** : विपरीत परिस्थितिलाई जितेर अगाडि बढ्ने योग देखिन्छ ।
**मकर** : स्वास्थ्य सबल भएपनि आर्थिक व्ययभार बढ्ने छ ।
**कुम्भ** : तर्कवितर्कले आपसी सम्बन्धमा फाटो बढ्न सक्छ ।
**मीन** : परीक्षा प्रतियोगितामा सफलता प्राप्त हुने समय छ ।

# कृषिमा बागमति प्रदेशको बस्तुस्थिति



✍ **सम्राट तुम्बाहाङफे**

विषयप्रवेशः (तथ्याङ्क आफैंमा एक विज्ञान हो, तथ्यहरुको आधारमा नै सत्यको आधारको खोज गर्नु पर्दछ । वैज्ञानिक अध्ययन (अनुसन्धानहरुबाट नै निकालिएका तथ्याङकहरुको  आधारबाट नै हामीले हाम्रो योजनाहरु-कार्ययोजनाहरु-कार्यक्रमहरु नीतिहरु बजेटहरु एवम् समस्त विकासका अभियानहरु संचालन गर्नु पर्दछ ।

**पृष्ठभूमिः-** बागमति प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरुको कुल परिवार संख्या कुल कृषि पेशामा आवद्ध परिवार संख्या, अन्य पेशामा संलग्न परिवार संख्या, कृषि उत्पादनले वर्षभरि खानपुग्ने परिवार संख्या र कृषि उत्पादनले वर्षभरि खान नपुग्ने परिवार संख्याको तथ्याङक निम्नानुसार भएको उल्लेख गरिन्छ ।

१) दोलखाः यस जिल्लाको ४० हजार ८९४ परिवार मध्ये ३३ हजार १९२ परिवार कृषि पेशामा आवद्ध छन् । अन्य ७ हजार ७०२ परिवार अरु नै पेशा गरेर जीविकोपार्जन गर्दछन् । यस जिल्लाको कुल परिवार संख्यामध्ये १३ हजार ४६८ परिवार कृषि उत्पादनबाट वर्षभरि खान पुग्छ भने २७ हजार ४६८ परिवारलाई कृषि उत्पादनले वर्षभरि खान पुग्दैन ।

२) सिन्धुपाल्चोकः यस जिल्लाको ६१ हजार ८६५ परिवार मध्ये ४९ हजार ५०१ कृषि पेशामा आवद्ध रहेका छन् भने १२ हजार ३६४ परिवार अन्य पेशामा आवद्ध रहेका छन् । जस मध्ये २३ हजार ९८० परिवार कृषि उत्पादनबाट जीवननिर्वाह गर्दछन् भने ३७ हजार ८८५ परिवारलाई कृषि उत्पादनबाट वर्षभरि खान पुग्दैन ।

३) रसुवाः यस जिल्लाको कुल ९ हजार ३१२ परिवार मध्य ७ हजार ६३४ परिवार कृषि पेशामा आवद्ध रहेका छन् । कुल परिवार मध्ये २ हजार ६१० परिवारलाई वर्षभरि कृषि पेशाबाट जीवननिर्वाह हुन्छ भने ६ हजार ७०२ परिवारलाई वर्षभरि कृषिउत्पादनले खान नपुग्ने भएको छ ।

४) धादिङः यस जिल्लाको कुल ६८ हजार ७८० परिवारमध्ये ५४ हजार २४० परिवार कृषि पेशामा आवद्ध रहेका छन् भने १४ हजार ५४० परिवार अन्य पेशामा संलग्न रहेका छन् । जस मध्ये २५ हजार ५१ परिवालाई कृषि उपजबाट आफ्नो जीवन निर्वाह गर्दछन् भने ४३ हजार ६२९ परिवार लाई कृषिउपजले वर्षभरि खान पुग्दैन ।

५) नुवाकोटः यस जिल्लाको कुल ५६ हजार ९१५ परिवार मध्ये ४४ हजार ३७७ परिवार कृषि पेशामा आवद्ध रहेका छन् भने १२ हजार ५३८ परिवार अन्य पेशामा आवद्ध रहेका छन् । जस मध्ये ३० हजार ८ सय ९१ परिवारलाई कृषि उपजबाट जीवीकोपार्जन गर्न सक्षम छन् । २६ हजार २४ परिवारलाई कृषिउपजले वर्षभरि खान नपुग्ने अवस्था रहेको छ ।

६) काठमाडौंः यस जिल्लाको ५० हजार ८५६ परिवार मध्ये २२ हजार ८४१ परिवार कृषि पेशामा आवद्ध रहेका छन् भने २८ हजार १६ परिवार अन्य पेशाबाट जीवीकोपार्जन गर्दछन् । काठमाडौंका १६ हजार ४६२ परिवारलाई कृषि उत्पादनबाट खान पुग्छ भने ३४ हजार ३९४ परिवारलाई कृषि उत्पादनबाट वर्षभरि खान पुग्दैन ।

७) भक्तपुरः यस जिल्लाको २५ हजार ९८३ परिवार मध्य ११ हजार १५५ परिवार कृषि पेशामा आवद्ध रही आएका छन् भने अन्य पेशामा १४ हजार ८२८ परिवार आवद्ध रही आएका छन् । जस मध्ये ९ हजार ४९३ परिवारलाई कृषि उत्पादनबाट जीवीकोपार्जन गर्दछन् भने १६ हजार ४९० परिवारलाई कृषिउत्पादनले वर्षभरि खान पुग्दैन ।

८) ललितपुरः यस जिल्लाको कुल २९ हजार ९९१ परिवार मध्ये १५ हजार २५ परिवार कृषि पेशामा आवद्ध रहेका छन् भने १४ हजार ८९६ अन्य पेशाबाट जीवीकोपार्जन गर्दछन् । जस मध्ये १० हजार ८०० सय परिवार कृषि उत्पादनबाट वर्षभरि खान पुग्छ भने १९ हजार १९१ परिवारलाई कृषि उत्पादनबाट वर्षभरि खान पुग्दैन ।

९) काभ्रेः यस जिल्लाको ६९ हजार ९४१ परिवार मध्यकृषि पेशामा ५६ हजार २७५ परिवार आवद्ध रहेका छन् भने अन्य पेशामा १२ हजार ६६७ परिवार आवद्ध र रहेका छन् । काभ्रेको ३५ हजार ७३ कुल परिवार संख्यालाई उत्पादनले वर्षभरि खान पुग्छ भने ३४ हजार ८६८ परिवारलाई कृषि उत्पादनबाट वर्षभरि खान पुग्दैन ।

१०) रामेछापः यस जिल्लाको कुल ४१ हजार ८६३ परिवार मध्ये कृषि पेशामा ३१ हजार ३४६ परिवार आवद्ध रहेका छन् भने १० हजार ५१६ अन्य पेशामा आवद्ध रहेका छन् । जस मध्ये १० हजार २६३ परिवारको वार्षिक जीवन गुजारा कृषि उपजबाट हुने गरेको छ भने ३१ हजार ६०० सय परिवारलाई वर्षभरि कृषि उत्पादनले खान पुग्दैन ।

११) सिन्धुलीः यस जिल्लाको कुल ५४ हजार ६३५ परिवार मध्ये ४३ हजार ६२५ कृषि पेशामा आवद्ध रहेका छन् भने ११ हजार ११० परिवार अन्य पेशामा संलग्न रहेका छन् र बाँकी २६ हजार ५५२ परिवारलाई कृषिउत्पादनले वर्षभरि खान पुग्दैन ।

१२) मकवानपुरः यस जिल्लाको कुल ६७ हजार ५२३ परिवार मध्ये ५४ हजार ८१५ कृषि पेशामा आवद्ध रहेका छन् र १२ हजार ६०९ परिवार अन्य पेशामा आवद्ध रहेका छन् भने जस मध्ये ३८ हजार २२२ परिवार उत्पादित कृषि बालीबाट जीवननिर्वाह गर्दछन् भने २९ हजार ३०१ परिवारलाई कृषि उत्पादनबाट वर्ष भरि खानपुग्दैन ।

१३) चितवनः यस जिल्लाको कुल ८९ हजार ५१९ परिवार मध्ये कृषि पेशामा ६० हजार ३१ परिवार आवद्ध रहेका छन् भने अन्य पेशामा २९ हजार ४८८ परिवार आवद्ध रहेका छन् जस मध्ये ५१ हजार ५५५ परिवारको जीवीकोपार्जन कृषि उपजबाट हुन्छ भने ३७ हजार ९६४ परिवारलाई कृषि उत्पादनले वर्ष भरि खान पुग्दैन ।

**(स्रोत : राष्ट्रिय कृषि गणना २०७८ को अध्ययनबाट)**

बागमति प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरुमा खेतीयोग्य जग्गाको क्षेत्रफल (हेक्टरमा) खेति भइरहेको जग्गाको क्षेत्रफल (हेक्टरमा) र खेती योग्य जग्गा तर हाल खेती नगरी बाँझो राखिएको जग्गाको क्षेत्रफल (हेक्टरमा) को तथ्याङक सहितको विवरण निम्नानुसार उल्लेख गरिन्छ ।

| क्र. स. | जिल्ला | खेतियोग्य जग्गाको क्षेत्रफल (हे.) | हाल खेती भइरहेको जग्गाको क्षेत्रफल (हे.) | खेती योग्य हाल खेती नगरिएको बाझो जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|
| १. | चितवन | ४४,५३७ | ४२,८३५ | ५६७ |
| २. | मकवानपुर | ३५,६६९ | २८,२६५ | २,५०५ |
| ३. | नुवाकोट | ४८,२५३ | ४५,२४२ | १,००५ |
| ४. | रसुवा | १६,८११ | ११,९१४ | १,६३२ |
| ५. | रामेछाप | २८,४३४ | २२,५६७ | १,९५६ |
| ६. | दोलखा | ४४,५१३ | ३५,७३१ | २,९२६ |
| ७. | सिन्धुली | ६२,७१३ | ४९,७८९ | ४,०५८ |
| ८. | भक्तपुर | १२,७३८ | ८,०७७ | १,५५४ |
| ९. | ललितपुर | १५,२९६ | १४,००० | ४,३८२ |
| १०. | काठमाडौं | २१,२०० | १२,१०० | ३,०३३ |
| ११. | धादिङ | ४८,१३६ | ३५,१५० | ८,०२९ |
| १२. | काभ्रे | ६१,५९८ | ४८,४४० | ४,०९६ |
| १३. | सिन्धुपाल्चोक | ७३,७१० | ४७,४७५ | ३८,६३५ |

(स्रोत : राष्ट्रिय कृषि गणना (२०७८ को अध्ययनबाट)

**निष्कर्षः** कृषिमा बागमति प्रदेशको वस्तुस्थितिको कस्तो अवस्थामा छ भन्ने यथार्थतताको वास्तविक स्थिति एवम् ठोस स्थितिको उद्घाटन यी माथिका तथ्याङकले गर्दछन्, त्यसो भएको हुनाले यी नै तथ्याङकहरुमाथि टेकेर उभिएर हामीले हाम्रो योजनाहरु (कार्ययोजनाहरु बनाउनु पर्दछ, नीतिनिर्माण गर्नु पर्दछ । कृषि उत्पादकत्वलाई वृद्धि गर्नु पर्दछ, भूमिको वैज्ञानिक व्यवस्थापन गर्नु पर्दछ । कृषि उत्पादनको लागि बनाएको उचितबजार व्यवस्थापन गर्न सक्नु पर्दछ। यी माथिका तथ्याङकहरुले हाम्रो यथार्थस्थितिको बोध गराउँदै चुनौतीहरु ल्याई दिएको छ । यी चुनौतीहरुलाई सामना गर्दै सुनौलो अवसर सहितको भविष्यको निर्माण गर्न सक्नु पर्दछ।

# दशरथ चन्द र गंगालाल श्रेष्ठको अद्वितीय मित्रता र महाबलिदानी



✍ **अरविन्द रिमाल**



दशरथ चन्द तथा गङ्गालाल श्रेष्ठ– यी दुई महारथी अनन्य कमरेड त छँदै थिए, त्यसमाथि यी साक्खै दाजुभाइभन्दा बढी घनिष्ठ थिए । कालजयी सहिदहरूको कुनै इतिहास वर्णनमा यस्तो युगल क्रान्तिकारी दौँतरीपनको अर्का दृष्टान्त भए वा नभएको थाहा छैन यस लेखकलाई । त्यसकारण यस महाबलिदानी गाथालाई ऊ अद्वितीय, असाधारण र अतुल्य नभनीरहन सक्दैन ।

क्रूर राणाशासनबाट मातृभूमिको मुक्ति र उन्नयनका लागि यी दुईको जाज्वल्य जोस, उत्सर्ग एवं निष्ठाको सार्थक वर्णन गर्न त कविको महाकाव्य तथा लेखकको महागाथा नै चाहिन्छ । तथापि सिंहदरबार कंगारु अदालतमा यातनापूर्ण केरकारका बेला र अरु बेला बन्दी जीवनका तीन महिनामा ती गुणहरूले जुन उत्सर्ग हासिल गरे, तिनको सजीव वर्णन यस लेखकले सहबन्दी रामहरि शर्मा तथा हरिकृष्ण श्रेष्ठबाट सुन्ने सौभाग्य पायो । यसबारे २०७५ चैत ३ गते परेको गङ्गालाल जन्म शताब्दी लेख विशेषमा ‘अतुल्य क्रान्तिवीर गङ्गालाल श्रेष्ठ’मा उल्लेख भएका छन्, जुन ‘डिल्लीबजारको लप्टनको होटेल निबन्ध सङ्ग्रह’मा पनि पुनः प्रकाशित भएको छ ।

राणाभरौटेहरूले भरिएको बन्द ‘अदालत’मा आफ्ना अध्यक्ष टङ्कप्रसाद आचार्यलाई केरकारका निम्ति ल्याइने सुइँको उपाध्यक्ष दशरथ चन्दले पाए । यसपछि उनले नेल हथकडीले बेरिएका अध्यक्ष टङ्कप्रसाद आचार्यको सम्मानमा सबै सहबन्दीबाट स्यालुट गर्ने जुन कार्यक्रम बनाए, त्यसअनुसार सबैले जब ‘कमरेडस्, द प्रेसिडेन्ट, स्यालुट’ भनी सलामी दिए । त्यतिबेला राणा अदालतको मुख्य न्यायाधीश र अन्य पनि आत्तिएर उठेको वर्णन साह्रै रोमाञ्चक छ । तथापि विष्णुमती नदीतटको शोभा भगवती मन्दिर बाहिर प्राङ्गणमा झुन्ड्याइएर गोली ठोकी मारिने बेलामा को पहिला हत्याराको गोली थाप्ने भन्ने बारेमा बहस भएकालाई कुन सम्मानयुक्त शब्दले वर्णन गर्ने होला ?

गोली ठोकेर मृत्युदण्ड दिइने आखिरी रात घरका मानिसलाई अन्तिम भेट गर्न दिइयो, भ्यालखानामा । दशरथका आफ्ना कोही नभएकाले सफाइको काम गर्ने महिला कर्मचारी राममायालाई ‘मेरा लागि रोइदिने कोही छैन । तिमी रोइदेऊ है राममाया’ भने उनले । अनि भर्खरजसो सुत्केरी भएकी हसिना पतिसँग अन्तिम बिदाइमा आउन सकिनन् । भाइ पुष्पलालले पिता भक्तलाललाई लिएर आए । शोभाभगवती तट लैजाने रात दशरथ चन्दले प्रेमिका जुलियानाले कोसेली पठाएकी चिडबुट्टे खास्टा ओढेका थिए भने, ढोका टोल हुँदै लहरीमा लैजाँदा बाटैमा पर्ने घर पुग्दा गङ्गालालले ‘हसिना, हसिना’ भन्दै अन्तिम बिदाइ सन्देश दिए ।

दशरथ चन्दलाई उनी यातनापूर्ण मृत्युको तारो बनाइने भन्ने पक्का लागेकाले यो निर्मम दृश्यबाट गङ्गालाल आत्तिन पुग्लान्, तर्सेलान् र राणातन्त्र रमाउन जाला भन्ने आशङ्का । ‘म नेपाल आमाको वीर छोरा हुँ, डराउन पर्दैन, दाजु’ भन्दै आश्वासन दिने गङ्गालाल आखिर दशरथ चन्दले अनुमान गरेकै क्रूरतापूर्ण यातना सहँदै सहिदतत्त्व वरण गरे । गङ्गालाले शालीन वीरोचित ढङ्गले सहादत्व वरण गरे ।

राणातन्त्रले पनि आफ्नो प्रकारले एउटा विडम्बनापूर्ण किसिमको इतिहास रच्यो । धर्मभक्त माथेमालाई दुईपटक झुन्ड्याएर, अनि दशरथ चन्द, गङ्गालाललाई माघ १४ को गते सारेर माघ १५ गते मृत्यदण्ड दिएर । यस्ता परम यशस्वी क्रान्तिवीरद्वयमा उनका महाबलिदानी पावन दिवसमा शतशत नमन गर्दै जय नेपालको अभिवादन । *(स्रोतः रातोपाटी)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# आधुनिक र ज्ञानदा माविले एसईईको तयारी गर्दै

समाज संवाददाता

हेटौंडाः आगामी चैत १५ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई)का लागि हेटौंडाका विभिन्न विद्यालयहरुले तयारी गरिरहेका छन् । हेटौंडाको आधुनिक राष्ट्रिय मावि र ज्ञानदा माविले एसईईको लागि अन्तिम तयारी गरिरहेको बताइएको छ ।

हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविका ३ सय ४८ जनाले यस वर्ष एसईई दिने भएका छन् । एसईई आउन अब २ महिनामात्र रहेको हुँदा उत्कृष्ट नतिजाका लागि कक्षा १० का विद्यार्थीले परीक्षाको तयारी गरिरहेका हुन् ।

गतवर्ष शत प्रतिशत विद्यार्थीले उत्कृष्ट अंक ल्याएको र यसवर्ष पनि एसईईमा शत प्रतिशत नै राम्रो अंक ल्याउने लक्ष्य लिएको आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईंले बताउनुभयो । विद्यार्थीले नजानेको कुरा राम्रोसँग सिकुन् भन्नका लागि विद्यालयले प्रत्येक हप्ताको शनिबार परीक्षा लिने, जान्ने विद्यार्थी र कमजोर विद्यार्थी छुट्याएर कमजोर विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गरी पढाइरहेको छ ।

आधुनिक राष्ट्रिय माविमा कक्षा १० मा अध्ययनरत बेवी मर्जिनाले नबुझेका कुरा शिक्षक र साथीहरुसँग सोधेर सिक्ने, घरमा पनि नियमित रुटिन बनाएर पढ्ने गरिरहेको र शिक्षकले पनि विद्यार्थीको चाहना बुझेर पढाउने गरेको उहाँले बताउनुभयो । आफूहरुले एसईईमा राम्रो नतिजा ल्याउन नियमित विद्यालय आउने, बुझेको कुरा कक्षामा छलफल गर्ने र नबुझेको कुरा शिक्षकलाई सोध्ने गरिरहेको उहाँको भनाइ छ ।

यसैगरी, हेटौंडा-१० स्थित ज्ञानदा माविबाट १९ जनाले एसईई दिने भएका छन् । विद्यालयले विद्यार्थीको राम्रो नतिजा ल्याउन अतिरिक्त कक्षा पढाउँदै आएको, साप्ताहिक परीक्षा लिने गरेको र विद्यार्थीले नबुझेको कुरा सिकाउने गरेको विद्यालयका गणित विषय शिक्षक सविना वाइबाले जानकारी दिनुभये । शिक्षकले पढाएको कुरा विद्यार्थीले गम्भीर भएर पढ्ने गरेको उहाँले बताउनुभयो ।

# भानु माविबाट ४६ जनाले एसइई दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयबाट यस वर्ष ४७ जना विद्यार्थीले एसईई दिने भएका छन् । विद्यालयबाट नियमिततर्फ ४७ जना विद्यार्थीले २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई) दिने भएका हुन् ।

ग्रेडवृद्धितर्फ यस वर्ष एक जना पनि विद्यार्थी नरहेको विद्यालयका शिक्षक शान्तप्रसाद दहालले जानकारी दिनुभयो । गत वर्षको एसईई परीक्षामा १०० प्रतिशत उत्तीर्ण भएका थिए भने यो वर्ष सबै विद्यार्थीहरुलाई उत्तीर्ण गराउने विद्यालयको उद्देश्य रहेको छ । पहिलो त्रैमासिक परीक्षाको तुलनामा दोस्रो त्रैमासिक परीक्षाको नतिजामा सुधार आएको शिक्षक दहालको भनाइ छ । एसईईका लागि विद्यार्थीहरुले तयारी गरिरहेको उहाँले बताउनुभयो । एसईई दिने विद्यार्थीका लागि गत भदौबाट नै अतिरिक्त कक्षा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा हाल ५ सय २५ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# वादविवादमा पराजुली प्रथम

समाज संवाददाता

हेटौंडाः ६२ औं राष्ट्रिय नर्सिङ दिवसको अवसरमा भएको वादविवाद प्रतियोगितामा दिया पराजुली प्रथम हुनुभएको छ । सोमबार हेटौंडा-४ स्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभाहलमा 'नर्स विदेशिनु आवश्यकता कि बाध्यता' विषयको वादविवादमा आवश्यकताको पक्षमा बोल्दै पराजुली प्रथम हुनुभएको हो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा बाध्यताको पक्षमा बोल्ने मुस्कान खातुन दोस्रो र आवश्यकताको पक्षमा बोल्ने रेश्मी न्यौपाने तेस्रो हुनुभएको छ । प्रतिष्ठानकै नर्सिङ विभागमा दोस्रो सेमेस्टर अध्ययन गर्ने ८ जना विद्यार्थीले प्रतियोगितामा सहभागिता जनाएका थिए ।

कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष प्राध्यापक डा. सुरेन्द्र शेरचनको प्रमुख आतिथ्य रहेको थिया । कार्यक्रममा प्रतिष्ठानकी प्राध्यापक दुर्गा खड्काको विशिष्ट आतिथ्य रहेको थियो भने प्रतिष्ठानकी नर्सिङ विभाग प्रमुख इन्दिरा अधिकारीको सभाध्यक्षता रहेको थियो ।

कार्यक्रममा प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालका व्यवस्थापन सदस्य उत्सव चौलागाई, प्रयोगशाला मेडिसिन विभाग प्रमुख तपेश्वर यादव र प्रशासकीय अधिकृत निर्णायक रहनुभएको थियो । प्रतिष्ठानले गत वर्ष रक्तदान र दीप प्रज्ज्वलन गरेर नर्सिङ दिवस मनाएको थियो । प्रतिष्ठानमा बीएस्सी नर्सिङको दोस्रो सेमेस्टरका २० जना विद्यार्थी अध्यनरत छन् ।

# विद्यार्थीलाई पोशाक र शैक्षिक सामग्री

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-७, हिरामुनीस्थित पशुपति आधारभूत विद्यालयका विद्यार्थीलाई विद्यालय पोशाक र शैक्षिक सामग्री वितरण गरिएको छ । हेटौंडा-४ स्थित भुटनदेवी माविकी शिक्षक सावित्री अधिकारीको पहल तथा हेटौंडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतनको सहयोगमा आइतबार विद्यार्थीलाई पोशाक र शैक्षिक सामग्री वितरण गरिएको हो ।

सहजकर्ता शिक्षक सावित्री अधिकारीसहित दिव्यसेवा निकेतनका अध्यक्ष टिआर निरौलासहितको समूह विद्यालयमै पुगेर ७० जना विद्यार्थीलाई टिसर्ट, ज्याकेट, ट्राउजर, टोपी, जुत्ता, मोजासहि कापी, पेन्सिल, इरेजर, सार्पनर वितरण गरिएको हो । विद्यार्थीलाई सहयोग हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन बिक, प्रधानाध्यापक सुनमाया भ्लोन, वडा सदस्यद्वय रामकुमार तितुङ, जितबहादुर मोक्तान, बकैया गाउँपालिकाको शिक्षा शाखाका स्रोतव्यक्ति चन्द्रप्रसाद देवकोटाको पनि उपस्थिति रहेको थियो । ५ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ७० जना विद्यार्थी अध्ययनरत छन् ।

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com

## निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा सम्बन्धी सूचना

**यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औँ वार्षिक साधारण सभा मिति २०८० माघ २० गते राखिएको जानकारी गराउन चाहन्छौ साथै जानकारी नपाउनु भएका सम्पूर्ण निर्माण व्यवसायी ज्यूहरुलाई यसै सूचनालाई आधार मानी उपस्थित भैदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रम**

**मितिः २०८० माघ २० गते**
**समयः बिहान ८:०० बजे**
**स्थानः मोटल एभोकाडो एण्ड आर्किड रिसोर्ट, हेटौंडा–२**

**राजेन्द्र प्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**

## पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको लिलामी सम्बन्धी जरुरी सूचना

यस पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले विभिन्न समयमा प्रयोग गरेर काम नलाग्ने अवस्थामा पुगेको र स्क्र्यापको रुपमा रहेका तपसील बमोजिमका सामग्री लिलामी गर्नुपर्ने भएकोले लिलामी गनुपर्ने वस्तु जे जस्तो अवस्थामा छ सोहीअनुसार खरिद गर्न इच्छुक व्यावसायिक फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १ (पन्ध्र) दिनभित्र बोलकबोलमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ ।

**तपसील**

क.सं. विवरण संख्या
१) गेटभल्ब ११ थान
२) पम्प २ थान
३) सानो मोटर ७ थान
४) ठूलो मोटर ३ थान
५) ज्याक मेसिन १ थान
६) ६ इन्चको जिआई पाइप १ थान
७) जिआई पाइप ६ थान
८) ४ इन्चको एल फ्रेन्च ६ १ थान
९) ट्रान्सफर्मर १ थान
१०) स्टिल ज्याक १ थान
११) टिनको पाता १ थान
१२) स्टभ १ थान
१३) गेट १ थान ।

**पदमपोखरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति**
**हेटौंडा-१२, पान्तले**
**९८५५०७३४५१/९८४०३५६५०३**

# मकवानपुर बाल विद्या सदन

**हेटौंडा-१८, खड्कुले**

## खेलकुदको दिन



कृषा अधिकारी

लामो समयदेखि कुर्दै बस्यौं खेलकुदको दिन
आज बल्ल आयो उमङ्ग बोकी खुसीको क्षण

सबैको मुहारमा देख्न सक्छौं उत्साहपन
के खेल्ने, के गर्ने भन्दै सबै उफ्रिरहेका छन्

सबै लाग्छन् आ-आफ्नो समूहलाई जिताउन
नजिते पनि दिन्छन् हौसला अझै अघि बढाउन

सक्दो प्रयास गर्छन् आफ्नो समुहलाई चिनाउन
सबैको सामु आफ्नो समूह राम्रो खेल देखाउन

खेल हो तर यहाँ कसैले जित्छन् कसैले हार्छन्
आफ्नो मिहिनेत सम्झेर फेरी आफैं रमाउँछन्

हाँस्दै खेल्दै रमाउँदै बित्छ खेलकुदका पल
जित्ने र हार्ने दुबै पक्ष हुन्छ सिक्नलाई सफल

*कक्षा-७*

## शिक्षक आवश्यकता

यस विद्यालयका लागि पूर्वप्राथमिक तहमा अध्यापन गराउने सहयोगी शिक्षक आवश्यक भएकोले इच्छुक नेपाली नागरिकबाट सात दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

आवश्यक संख्याः ३ (तीन) जना ।
शैक्षिक योग्यताः १२ कक्ष उत्तीर्ण ।
सुविधाः विद्यालयको नियमानुसार ।

**प्रिन्सीपल ।**

# हार्दिक समवेदना



स्व. डेन्टीजंग शाह

जन्मः १९९६ असार २१ गते

स्वर्गारोहणः २०८० माघ १४ गते

जिल्लाकै पुरानो विद्यालय भुटनदेवी मावि (प्राविधिक शिक्षालय) का पूर्वप्रधानाध्यापक आदरणीय डेन्टीजंग शाह सरको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**माधवप्रसाद दाहाल, प्रधानाध्यापक**
**एवम् भुटनदेवी मावि (प्राविधिक शिक्षालय) परिवार**
**हेटौंडा-४, मकवानपुर**

## हेटौंडा सेभेन्स रग्बी प्रतियोगिता

# महिलातर्फ हेटौंडा, पुरुषतर्फ हिमालयन टाइगरले उपाधि जित्यो



*महिलातर्फको उपाधि विजेता हेटौंडा उपमहानगरको टिम ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा सेभेन्स रग्बी प्रतियोगिता अन्तर्गत महिलातर्फको उपाधि हेटौंडा उपमहानगरपालिका र पुरुषतर्फको उपाधि हिमालयन टाइगर क्लबले जितेको छ । हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशालामा सोमबार सम्पन्न फाइनल खेलमा नेपाल महिला रग्बी क्लबलाई १२-१४ स्कोरले पराजित गर्दै महिलातर्फ हेटौंडा उपमहानगरपालिकाले उपाधि जितेको हो भने पुरुषतर्फ हेटौंडा उपमहानगरपालिकालाई १७-१२ स्कोरले हराउँदै हिमालयन टाइगरले उपाधि जितेको हो ।

हेटौंडाका लागि पुष्पा खड्काले १० र कन्भरजनले ४ स्कोर बनाएको हो । यता पुरुषतर्फ उपाधि विजेता हिमालयनका पुजन खेवालीले पहिलो र दोस्रो हाफमा ५-५ स्कोर बनाउन सफल भए । हेटौंडाका लागि रोशन बोम्जनले र अनिश तामाङले समान ५-५ स्कोर जोडे । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । महिला तथा पुरुषतर्फको उपाधि विजेता क्लब समुह चरणको खेलहरुमा अपराजित रहँदै १२ अंक जोड्दै फाइनलमा प्रवेश गरेको थियो ।

हेटौंडा रबर्स क्लबको आयोजनामा आइतबारबाट सुरु भएको प्रतियोगितामा महिलातर्फ ६ वटा र पुरुषतर्फ ४ टिमहरुको सहभागिता रहेको थियो । प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाले ५ लाख रुपैयाँ बजेट उपलब्ध गराएको थियो । हेटौंडा रबर्स क्लबका अध्यक्ष विक्रम भारतीको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो । पुरस्कार वितरण कार्यक्रममा नेपाल रग्बी संघका केन्द्रिय महासचिव गोविन्द घिमिरेको पनि उपस्थिति रहेको थियो ।

## मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता

# उद्घाटन खेलमा भुटान र बागमती भिड्ने



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा मंगलबारबाट सुरु हुने छैठौं संस्करणको स्थानीय तह शहीद स्मृति मकवानपुर अन्तर्राष्ट्रिय गोल्डकपको उद्घाटन खेलमा पारो एफसी भुटान र बागमती युथ क्लब सर्लाहीबीच प्रतिस्पर्धा हुने भएको छ । सोमबार जिल्ला फुटबल संघले फेसबुक पेजमार्फत् प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको हो ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुने प्रतियोगिताको उद्घाटन खेलमा एफसी भुटान र बागमती युथ क्लबबीच प्रतिस्पर्धा हुने भएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीका लागि हेटौंडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ । प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल यही माघ २७ गते हुनेछ । प्रतियोगिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भएको छ ।

यस वर्षको प्रतियोगिताको समापन कार्यक्रममा एकजना उत्कृष्ट पत्रकारलाई ५० हजार रुपैयाँ नगद राशिसहित सम्मान गरिने जनाइएको छ । करिब १ करोड ६० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि प्रवेश शुल्क एक सय रुपैयाँ तोकिएको छ भने सेमिफाइनल र फाइनल खेलमा टिकटको रकम बढाउने जनाइएको छ । प्रतियोगिता सञ्चालनको सम्पूर्ण जिम्मेवारी न्यु डाँफे युथ क्लबलाई दिइएको छ । गत वर्षको प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दी क्लबले जितेको थियो । फाइनल खेलमा हिमालयन शेर्पा क्लबलाई १-० गोलअन्तरले हराउँदै मनाङ मर्स्याङ्दीले उपाधि जितेको थियो ।

# ३ जना मृत भेटिए, आत्महत्या गरेको अनुमान

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक, रामेछाप र धादिङमा ३ जना मृत भेटिएका छन् । मृत भेटिएका तीनै जनाले आत्महत्या गरेको प्रहरीको अनुमान छ । काभ्रेपलाञ्चोकमा एकजना झुन्डिएको अवस्थामा तथा रामेछाप र धादिङमा २ जनाको शव नजिकै विषादी भेटिएको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-१, मितिनिछापमा ६० वर्षीया काली घोरासैनी झुन्डिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । आइतबार घोरासैनी आफ्नै घरबाट ५ सय मिटर उत्तरमा रहेको पैयुँको रुखमा झुन्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका-२, चुल्ठेपानीमा एकजना पुरुष मृत भेटिएको छ । मृत्यु हुनेमा ५९ वर्षीय सानुकाजी बुढाथोकी रहेको प्रहरीले जानकारी दिएको छ । आइतबार बिहान ७ बजेको समयमा बुढाथोकी आफ्नै घर नजिकै रहेको गाई गोठ भित्र मृत भेटिएका हुन् । बुढाथोकीको शव नजिकै नुवान नामक विषादी फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-६, कालीदेवीस्थानमा ४१ वर्षीया शर्मिला तामाङको विषादी सेवनबाट मृत्यु भएको छ । माघ ९ गते मंगलबार राती ८ बजेर ३० मिनेटको समयमा तर कारीमा प्रयोग गर्ने बिषादी सेवन गर्दा बिरामी भई उपचारका लागि पाटन अस्पताल ललितपुर लगिएकोमा उपचारको क्रममा बिहीबार राती १० बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । विषादी सेवन गर्नुको कारण नखुलेका प्रहरीले जानकारी दिएको छ ।




## शिक्षक दौडमा भानु माविका मुकेश प्रथम

# स्लो स्कुटीमा भृकुटी माविकी सिर्जना प्रथम

समाज संवाददाता

हेटौंडाः सहिद सप्ताह अन्तर्गत सोमबार शिक्षक दौड तथा स्लो स्कुटर प्रतिस्पर्धा भएको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको व्यवस्थापन तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजनामा भएको पुरुष शिक्षक दौडमा ३४ जनाको सहभागिता रहेको थियो भने महिला शिक्षक स्लो स्कुटी प्रतियोगितामा ४० जनाको सहभागिता रहेको थियो ।

पुरुष शिक्षक दौड प्रतियोगितामा मकवानपुरगढी गाउँपालिकाको भानु माविका मुकेश चौलागाई प्रथम, भानु माविकै दुर्लभ कुमार दुलाल द्वितीय, हेटौंडा-४ स्थित नवोदय शिशु सदनका राम कंशाकार तृतीय हुनुभयो । यस्तै मकवानपुरगढी गाउँपालिकास्थित शारदा माविका दिनेश सुवेदी चौथो हुँदा र नवोदय शिशु सदनका अविरल शाक्य सान्त्वना हुनुभयो । स्लो स्कुटी प्रधिस्पर्धामा हेटौंडा-१४ स्थित भृकुटी माविकी सिर्जना थिङ प्रथम, हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीकी सुजिता बोम्जन द्वितीय र ब्रह्मदिककै मुना लामा तृतीय हुनुभयो ।

दौड प्रतियोगिता ४ नम्बर वडा कार्यालयबाट शुरू भई शितलमहल चोक, ओमभवन चोक, भैरवरोड, मिलनचोक हुँदै ४ नम्बर वडा कार्यालयमै आइपुगेको थियो । स्लो स्कुटी प्रतियोगिता भने हुप्रचौरमा भएको थियो । नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहालको सभाध्यक्षता तथा संघीय सरकारका पूर्व युवा तथा खेलकुद मन्त्री पुरूषोत्तम पौडेलको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलको विशेष आतिथ्यमा रहेको थियो ।

# राजमार्गमा ओभरलोड बोकेको भन्दै बिरोधमा प्रदर्शन

समाज संवाददाता

हेटौंडाः टिपरले राजमार्गमा चुनढुंगा ओभरलोड बोकेको बिरोधमा जनता समाजवादी पार्टी (जसपा) जिल्ला कमिटी मकवानपुरले विरोध प्रदर्शन गरेको छ । सोमबार जसपा जिल्ला कमिटीको आयोजनामा विरोध र्‍याली निकालेर जिल्ला ट्राफिक प्रहरी कार्यालय परिसरमा विरोध प्रदर्शन गरेको छ ।

हेटौंडा-१०, बुद्धचोकस्थित जनता समाजवादी पार्टी कार्यालयमा भेला भई जसपा मकवानपुर अध्यक्ष सोम बहादुर घलानको नेतृत्वमा जिल्ला सचिव दीपक सिन्तान, पार्टीका नेता तथा कार्यकर्ताहरुले विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनमा झन्डा, प्लेकार्ड बोकी टिपरले राजमार्गमा चुनढुंगा ओभरलोड बोक्दा देखेर पनि नदेखे झैं किन गरेको होला भन्दै ट्राफिक प्रहरी कार्यालय मकवनपुरमा केही बेर धर्ना बसेका थिए । प्रदर्शनीमा ओभरलोड नियन्त्रण गर, ट्राफिक प्रहरी र उद्योगपतिको सेटिङ बन्द गर, ट्राफिक प्रहरी पुँजीपतिको मात्र होकि गरिबको पनि हो, अरुले पनि ओभरलोड बोक्न पाउने कि टिप्परले मात्र ? भन्दै नाराबाजी गरेका थिए । प्रदर्शनी पश्चात जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख बसन्त आचार्यले प्रहरीले देखे जति कारबाही गरेको र केहीको छुट्न गएकोले स्थलगत रुपमा नै कारबाही गरिने बताउनुभयो ।

## मोटरसाइकल हराएको सूचना

मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका-५ निवासी विरोज प्रजाको नाममा रहेको बा प्र ०३-००५ प २१७२ नम्बरको २०० सीसीको पल्सर मोटरसाइकल (इन्जिन नं. JLXCMF82280, च्याचिस नं. MD2A36FX8MCF91778) मिति २०८० साल माघ १५ गते दिनको १२ बजेको समयमा हेटौंडा-३, लेवटमा सडकमै पार्किङ गरिराखेको ठाउँबाट हराएको हुँदा कहीँ कतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नं. ९८६५४०९६७८**

## घरेलु तथा साना उद्योग कार्यालयको नाम परिवर्तन

# उद्योग तथा वाणिज्य कार्यालय रहने

समाज संवाददाता

हेटौंडाः घरेलु तथा साना उद्योग कार्यालयको नाम परिवर्तन भई उद्योग तथा वाणिज्य कार्यालय रहने भएको छ । बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको माघ ११ गतेको पत्रानुसार प्रदेशका जिल्लामा भएका घरेलु तथा साना उद्योग कार्यालयले यही माघ १६ गतेदेखि उद्योग तथा वाणिज्य कार्यालयको नाममा सेवा सञ्चालन गर्ने भएका हुन् ।

संघीय संरचनामा गएसँगै बागमती प्रदेश सरकारले प्रदेशमा रहने १२ वटा मन्त्रालय, प्रदेशसभा सचिवालय, प्रदेश लोकसेवा आयोग, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नीति तथा योजना आयोग र मुख्य न्यायाधीवक्ताको कार्यालय र उक्त निकायका मातहतमा रहेका कार्यालयहरुका लागि संगठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गरेको थियो । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय मातहतमा रहेका एउटा निर्देशनालय र १३ वटा घरेलु तथा साना उद्योग कार्यालयहरुको नाम र संगठन संरचना तथा दरबन्दी तेरिज हेरफेर भएको छ । कार्यालयको कार्य सञ्चालनका लागि १३ जना कर्मचारीहरुको दरबन्दी स्वीकृत भएको छ ।

उद्योग तथा वाणिज्य कार्यालयले प्रदेश व्यापार तथा व्यवसायसम्बन्धी ऐन २०७६ अनुसार ६ लाख रुपैयाँदेखि ६ करोड रुपैयाँसम्म कुल पुँजी कायम रहेको उद्योग, वाणिज्य तथा कम्पनी (फर्म) हरुलाई सेवा दिनेछ । कार्यालयको उद्योग प्रशासनसम्बन्धी कार्य, वाणिज्य प्रशासनसम्बन्धी कार्य, प्रवर्द्धनात्मक कार्य, उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको काम, कर्तव्य र अधिकार तोकिएको छ ।

हार्दिक आभार



जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (१२-१४ माघ) सफलतापूर्वक सम्पन्न गर्न, गराउन सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला, प्रतियोगितामा सहभागी विद्यार्थी, विद्यालय सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताका लागि छनोट भएका विद्यार्थीलाई उच्च प्रदर्शनका लागि शुभकामना समेत व्यक्त गर्दछौं ।

वेश खड्की
अध्यक्ष

माधव कोइराला
कार्यलिय प्रमुखख

एवम् मकवानपुर जिल्ला खेलकुद विकास समिति परिवार
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ